**नेपाली राजदूतावास**
**टोकियो, जापान**
**Embassy of Nepal**
**Tokyo, Japan**

## प्रेस विज्ञप्ति

माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरीराजमणि पोखरेलज्यूको नेतृत्वमा जापान भ्रमणमा रहेको प्रतिनिधिमण्डल NepaliSAT 1 को सफलतापूर्वक प्रक्षेपण गरिएको ऐतिहासिक कार्यक्रममा सहभागि भई आज विहान १२:२० बजे टोकीयोबाट थाई एयरलाईन्सको उडानबाट बैकंक हुदै नेपालका लागि प्रस्थान गर्नु भयो ।

माननीय शिक्षा मन्त्रीज्यूको प्रतिनिधिमण्डल गत जुन १६, २०१९ मा टोकीयो आईपुगेको थियो । सोही दिन माननीय मन्त्रीज्यूको सम्मानमा जापानका लागि नेपाली राजदूत महामहिम प्रतिभा राणाले अर्न्तकृया तथा रात्रीभोजको आयोजना गर्नु भएको थियो । सो कार्यक्रमलाई सम्वोधन गर्दै माननीय मन्त्रीज्यूले सरकारले एक वर्षमा उल्लेखनीय कार्यहरु सम्पन्न गर्न सफल भएको जानकारी गराउदै विदेशमा बस्ने नेपालीहरुले पनि नेपाल सरकारको **समृद्ध नेपाल सुखी नेपाली** को अभियानमा सहयोग गर्न अपिल गर्नु भएको थियो त्यस्तै गरी जापानबाट विज्ञान तथा प्रविधिका विविध क्षेत्रहरुमा टेक्नोलोजी ट्रान्सफर गराई नेपालको समुन्नत विकासमा टेवा पुर्‍याउन सवै नेपाली एक जुट भई लाग्नु पर्नेमा जोड दिनु भएको थियो । सो अवसरमा गैरआवासीय नेपाली संघ अन्तराष्ट्रिय समन्वय समितिका अध्यक्ष भवन भट्ट, NRNA जापानका पदाधिकारीहरु, विभिन्न राजनैतिक दलका प्रतिनिधिहरु तथा विभिन्न संघसंस्थाका प्रतिनिधि, व्यवसायीहरु र विश्वविद्यालयहरुमा अध्यापन गर्ने तथा अध्ययरत विद्यार्थीहरु समेत १५० जनाको उपस्थिति रहेको थियो ।

माननीय मन्त्रीज्यूलाई जुन १७, २०१९ को दिन विहान नेपाल बाहिर रहेको नेपाली पाठयक्रम अनुसार संचालित एक मात्र नेपाली विद्यालय Everest International School Japan ले उहांको सम्मानमा एक कार्यक्रमको आयोजना गरेको थियो । उक्त कार्यक्रमलाई सम्बोधन गर्दै माननीय मन्त्रीज्यूले नेपालको शिक्षालाई समयानकूल परिवर्तन गरि गुणस्तरीय, व्यवसायीक र व्यवहारिक बनाई नेपाल सरकारको समृद्ध नेपाल सुखी नेपाली भन्ने नारालाई मूर्त रुप दिन आफू लगनशिल भएर लागेको उल्लेख गर्न हुदै एक वर्षको अवधिमा शिक्षा क्षेत्रमा गरिएका महत्वपूर्ण सुधारहरु बारे पनि प्रकाश पार्नु भएको थियो । सो कार्यक्रम विद्यालय संचालकहरु, शिक्षक शिक्षिका तथा विद्यार्थीहरुको उपस्थिति रहेको थियो । माननीय मन्त्रीज्यूबाट उक्त विद्यालयको अध्यापन तथा कक्षा कोठाहरुको अवलोकन पनि गर्नु भएको थियो । नेपालका शिक्षा मन्त्रीको हैसियतले सो स्कूलको भ्रमण गर्ने उहा नै प्रथम मन्त्री हुनुहुन्छ ।

जुन १७ कै दिन अपरान्ह मननीय मन्त्रीज्यूले National Institute for Material Science (NIMS) का Executive Vice President Mr. Kazuhito Hono लगायतका पदाधिकारीहरुसंग छलफल गर्नु भएको थियो । सो अवसरमा Science and Technology को विकास तथा प्रविधि भित्राउन नेपाल सरकार अगाडि बढी रहेको अवस्थामा NIMS संग MOU गरी नयां परिवेश अनुसार सहकार्य गर्न अनुरोध गर्दा श्री होनोले सहर्ष स्वीकार गर्नु भएको थियो । अब NAST र NIMS बीच छिटै सम्झौता भई विज्ञान तथा प्रविधिका क्षेत्रमा अग्रगामी दिशा लिने विश्वास गरिएको छ । माननीय मन्त्रीज्यूको जापान भ्रमणका क्रममा भएको यो पहल र समझदारी अर्को महत्वपूर्ण उपलब्धी मानीएको छ ।

माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यूलाई नेपाली राजदूत प्रतिभा राणा, उप नियोग प्रमुख कृष्ण चन्द्र अर्याल तथा अन्य नेपालीहरुले हानेदा एयरपोर्टमा विदाई गर्नु भएको थियो । उहांको प्रतिनिधिमण्डलमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका उपकुलपति डा. सुनिल बाब श्रेष्ठ तथा स्वकीय सचिव श्री पुरन के.सी. रहनु भएको थियो । उहाहरु असार ४ गते अपरान्ह काठमाण्डौ पुग्न हुनेछ ।

टोकीयो, २०७६ असार ४ गते ।

नेपाली राजदूतावास टोकियो